नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**पर्यटन विभाग**

भृकुटीमण्डप, काठमाडौं

<u>उपभोक्ता समिति मार्फत पर्यटन पूर्वाधार विकास सम्बन्धी कार्य गराउन प्रस्ताव आव्हानको सूचना</u>

सूचना प्रकाशित मितिः– २०७३।०५।१४

यस विभागको चालु आ.व. ०७३।७४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार काठमाण्डौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, वारा, चितवन, तनहुँ, रसुवा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र रुकुम जिल्लाका तोकिएका स्थानमा पर्यटन पूर्वाधार विकास सम्वन्धी निर्माण कार्य स्थानीय उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत गर्नु गराउनु पर्ने भएकोले नियमानुसार यस विभागको कार्यविधि अनुसार गठन भई निर्माण गर्न चाहेको पूर्वाधार विकास सम्वन्धी कार्य, स्थान तथा लाभान्वित उपभोक्ताहरुको सहमति सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र प्रस्ताव दर्ता गर्नु हुन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र रितपूर्वकको प्रस्ताव दर्ता हुन नआएमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिदका अन्य प्रकृया अघि बढाई कार्य गराईने छ । बिस्तृत विबरण सहितको सूचना यस विभागको सूचना पाटीमा तथा विभागको वेभसाइट www.tourismdepartment.gov.np मा हेर्न तथा थप जानकारीको लागि विभागको योजना र पूर्वाधार विकास शाखा तथा आर्थिक प्रशासन शाखा (सम्पर्क नं. ४२५६२३१, ४२५६२३२) मा सम्पर्क गर्न सकिनेछ ।

१) उपभोक्ता समितिले ध्यान दिनुपर्ने कुराहरुः

उपभोक्ता समितिको गठन: उपभोक्ता समिति मार्फत निर्माण गरिने पुर्वाधारका कार्यक्रमहरु उक्त पुर्वाधार निमांण हुने क्षेत्रको बासिन्दा र समुदायको सहभागितामा संस्था दर्ता ऐन, २०३४ वा स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय स्वायत्त शासन नियमावली २०५६ अन्तगत गठन भएको हुनुपर्नेछ ।गठन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) पुर्वाधार निमांण हुने क्षैत्रको बासिन्दा र समुदायको सहभागितामा आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको आम भेलावाट सम्वन्धित आयोजनास्थलमा नै सात देखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

ख) स्थानिय निकायका बहालवाला पदाधिकारी, राजनीतिक दलका व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा वेरुजु फर्छैट नगरेका व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई

उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेको व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।
ग) उपभोक्ता समितिका सदस्यहरुमा कम्तिमा तेत्तिस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरु सामान्यतया साक्षर हुनुपर्नेछ ।
घ) एउटै समयमा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परिवारवाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।
ङ) उपभोक्ता समिति गठन गर्दा स्थानिय निकायले तोकेको कर्मचारीको रोहवरमा गर्नुपर्नेछ । यसरी खटिने कर्मचारीले उपभोक्ता समिति गठन गरे पछि सो सम्वन्धि प्रतिवेदन सम्वन्धित स्थानिय निकायमा पेश गर्नुपर्नेछ ।
च) उपभोक्ता समितिले अनिवार्य जनश्रमदान बापतको रकम ब्यहोर्नु पर्ने छ ।

२) कागजात प्रमाण पत्र तथा निणर्यहरु पेश गर्नुपर्ने ।
क) उपभोक्ता समितिको नाम उपभोक्ताको भेलाले निर्णय गरेको हुनुपर्नेछ ।
ख) निर्माण गर्ने संरचनाका सम्वन्धमा आम उपभोक्ताको भेलाले निर्णय गरेको हुनुपर्नेछ ।
ग) समितिको खाता सञ्चालन गर्ने पदाकिारीहरुको तीनपुस्ते नामावली समितिको अध्यक्षवाट प्रमाणित गरी पेश गर्नुपर्नेछ ।
घ) उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि सम्वन्धित पदाधिकारीले प्रमाणित गरी निवेदनसाथ पेश गर्नुपर्नेछ ।
ङ) संस्था दर्ता ऐन बमोजिम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रमाणपत्र वा गा.वि.स.को हकमा सम्वन्धित गा.वि.स. को सिफारिसमा स्थानिय जिल्ला विकास समितिले जारी गरेको वा नगरपालिका क्षेत्रको हकमा सम्वन्धित महानगरपालिका वा उप महानगरपालिका वा नगरपालिकावाट उपभोक्ता समिति गठन भएको प्रमाणित हुने कागजात।
च) निमार्ण कार्य संग सम्बन्धित कार्यस्थलका सबै बासिन्दाहरुको नामनामेसिको विवरण खुलेको र सबै बासिन्दाहरुमध्येबाट सर्वसम्मतको निर्णयले गठन भएको उपभोक्ता समितिका अध्यक्ष तथा सदस्यहरुको नामावली समेत भएको निर्णयको प्रमाणित प्रतिलिपि ।

३) जिल्लाहरुमा सञ्चालन हुने पर्यटन पूर्वाधार विकास कार्यक्रमहरुको विवरणः

काठमाडौ जिल्ला
शिवपुरी नागार्जुन दहचोक ट्रेकिङ्ग ट्रेल निर्माण तथा सुधार रु १५ लाख, बागभैरव मन्दिर जाने पर्यटकीय मार्ग सुधार, किर्तिपुर रु ५ लाख, नागार्जुन १४ सेतो मठ नजिक मनमोहन स्मृति ज्येष्ठ नागरिक पार्क निर्माण गर्ने रु १५ लाख, काठमाडौ जिल्ला स्थित कागेश्वरी मनोहरा न.पा. ५, डाँछी बाघधारा टोलमा रहेको ओम शान्ति चौरमा पर्यटकीय पार्क तथा विश्राम स्थल पूर्वाधार निर्माण रु १० लाख, पर्यटकीय पार्क संरक्षण तथा सौन्दर्यीकरण ललितपुर रु ५ लाख, कागेश्वरी पर्यटन कार्यक्रम कागेश्वरी मनोहरा ५, रु ५ लाख, तारेभिर पर्यटन कार्यक्रम गोकर्णेश्वर काठमाडौं रु ५ लाख, मणिचुड पर्यटन कार्यक्रम शंखरापुर, रु ५ लाख, श्रीकृष्ण प्रणामी मन्दिरको पूर्वाधार विकास गोठाटार, रु ५ लाख, सामुदायिक भवन र विन्द्रेवासिनी मन्दिर संरक्षण कपन, रु ५ लाख, ऐतिहासिक गढीडाँडा पर्यटकीय पूर्वाधार विकास, चन्द्रगिरी न.पा. २२ काठमाडौं, रु १० लाख, त्रिभुवन स्मृति पार्क थानकोट पर्यटकीय पूर्वाधार विकास, रु २५ लाख, श्रीराम मन्दिर तथा सत्संग भवन निर्माण तथा रिटेनिङ्ग वाल किर्तिपुर न.पा. १५ टौदह काठमाडौं, रु ५ लाख, काठमाडौं न.पा.

१५ स्वयम्भू वैलाचोन तिर्थमा खानेपानी तथा चौतारी निर्माण गर्ने, रु ५ लाख, का.म.न.पा. ३५ पेप्सीकोला ब्लक नं ४ र ५ मा सहरी पार्क तथा सौन्दर्यीकरणको कार्य थालनी गर्ने रु ५/५ लाखको दरले, रु १० लाख, नवतन धाम पर्यटकीय पूर्वाधार विकास, कागेश्वरी मनोहरा न.पा.११, रु ५ लाख, वुढयाल मष्टा भगवती मन्दिर निर्माण माझफा ९ काँडाटाली, रु ५ लाख, पञ्चकुमारी मन्दिर प्रवेश मार्ग निर्माण सुधार तथा गेट निर्माण,नागार्जुन न.पा. ४ सितापाईला, रु १० लाख, क्रियापुत्रि बस्ने आश्रम निर्माण,टोखा न.पा.- १, काठमाण्डौं, रु ५ लाख, पञ्चकन्या देवी मन्दिरको निर्माण, टोखा न.पा. १, रु ५ लाख, तारकेश्वर न.पा. काभ्रेस्थली बृहत शान्तिधाममा पर्यटकीय पूर्वाधार विकास, काठमाण्डौं, १५ लाख, भ्यू टावर मर्मत सुधार,गोलढुङ्गा तारकेश्वर न.पा. १२, रु १२ लाख, इस्कोन नेपाल (राधाकृष्ण मन्दिर ) वुढानिलकण्ठ, रु २० लाख,विश्वसम्पदा परिषद काठमाण्डौ ३ लाख ।

**ललितपुर जिल्ला**

पर्यटकीय पार्क संरक्षण तथा सौन्दर्यीकरण ललितपुर ९, , रु ५ लाख, ललितपुर जिल्ला कोटडाँडा लाकुरे भञ्ज्याङ, चापाखर्क लगायत काभ्रे र खानी गा.वि.स. हुदै फुलचोकी सम्मको साइकल मार्ग निर्माण गर्ने, रु १५ लाख, ललितपुर जिल्ला गोटिखेलमा वैतर्नीधाममा पूर्वाधार निर्माण, रु १५ लाख, बालकुमारी मन्दिर परिसरमा पूर्वाधार निर्माण ल.पु.उ.म.न.पा. २६, २७,सुनकोठीमा रु ५ लाख, बोझेपोखरी संरक्षण पर्यटकीय पूर्वाधार विकास महालक्ष्मी न.पा.-१७, रु ५ लाख ।

**भक्तपुर जिल्ला**

नगरकोट सामुदायिक होमस्टेमा जाने अधुरो बाँकी पदयात्रा निर्माणको कार्य सम्मपन्न गर्ने, रु १० लाख, नगरकोट न.पा.-१२, शान्ति उद्धाने परिसरमा पदयात्रा मार्ग, टेवा पर्खाल र वगैचा निर्माण गर्ने ,रु १० लाख, डोलेश्वर महादेव मन्दिर सुर्यविनायक न.पा.-७ भक्तपुरमा अधुरो शौचालय निर्माण कार्य पुरा गर्ने, रु १५ लाख, श्यामा श्यामा धाम भक्तपुरमा पूर्वाधार विकास, रु ५ लाख, गोरखनाथ मार्गमा रहेको धारा संरक्षण तथा पूर्वाधार विकास मध्यपुर ठिमि-१६ भक्तपुर, रु ८ लाख, पञ्चमहालक्ष्मी परिसरमा पूर्वाधार निर्माण छालिङ तेलकोट भक्तपुर, रु १० लाख ।

**काभ्रेपलाञ्चोक जिल्ला**

पनौती फुल्चोकी चम्पागिरि दहचोक ट्रेकिङ ट्रेल निर्माण, रु २० लाख, बैथान-नारायणस्थल पर्यटकीय पदमार्ग, काभ्रे, रु १५ लाख, कार्तिके देउराली -९ चौरी खोलामा मसाने पार्टि निर्माण काभ्रेपलाञ्चोक, रु ५ लाख, ऐतिहासिक इतिपुखु पर्यटकीय पार्क निर्माण धुलिखेल न.पा.-४, रु ८ लाख, पौराणिक ऐतिहासिक हकंपुखु सार्वजनिक पोखरी मर्मत संभार तथा सामुदायिक भवन निर्माण, धुलिखेल न.पा.-५, रु १० लाख ।

**वारा जिल्ला**

शहिद हिरालाल पार्कमा पूर्वाधार निर्माण बारा निजगढ, रु ३० लाख ।

**चितवन जिल्ला**

चेन्जिङ्ग रुम सहितको शौचालय निर्माण दारेचोक - ७ कुरिनटार चितवन, रु १५ लाख ।

**तनहुँ जिल्ला**

देवघाटस्थित त्रिवेणमा स्नानघाट निर्माण गर्ने,देवघाट २, रु ३५ लाख ।

**रसुवा जिल्ला**

लहरेपौवा गा.वि.स. ९ स्थित वेत्रावती उत्तरगया धामक्षेत्रमा निर्माणाधिन कार्यको अधुरो काम पुरा गर्ने, रु १० लाख ।

**धादिङ्ग जिल्ला**

वसेरी-याने गम्वा लापा हुदै गणेश हिमाल जाने पदयात्रा मार्ग,धादिङ्ग, रु १० लाख, चेन्जिङ्ग रुम सहितको शौचालय निर्माण धुषा १ धादिङ्ग, रु १० लाख, गणेश कुण्ड सम्म पुग्ने पदयात्रा मार्ग निर्माण लापा ८ धादिङ्ग, रु ८ लाख, मधुवन ईको साईक्लिङ्ग रिङरोड निर्माण निलकण्ठ १३,धादिङ्ग, रु १० लाख ।

**नुवाकोट जिल्ला**

नुवाकोट जिल्ला व्रम्हक्षेत्र-धोक्रेवारी-कपिलेश्वर महादेव पदयात्रा मार्ग कविलास ७ र ८ मा जम्मा ३ कि.मि. मध्ये ५०० मिटर सम्पन्न बाँकी पुरा गर्ने, रु १० लाख, राक्इसिङ्गबाट कल्याणपुर-४ खुर्सानी खाल्डे हुदै तुप्चे- ६ गैह्रथोक जोड्ने पदमार्ग निर्माण, रु ५ लाख, जलुकेनी शिवपुरी कक्नी पर्यटकीय पदमार्ग निर्माण,नुवाकोट, रु ५ लाख, पिपलडाँडा पर्यटकीय क्षेत्र कविलास नुवाकोट ७ मा पर्यटकीय पूर्वाधार निर्माण क्रमागत कार्यक्रम, रु ६ लाख, लुम्वु डाँडा भ्यू टावर निर्माण मनकामना २ र ३, नुवाकोट, रु १० लाख, कालिकादेवी मन्दिर पूर्वाधार निर्माण ओखरपौवा १, रु ५ लाख ।

**सिन्धुपाल्चोक जिल्ला**

पाँचपोखरी पर्यटकीय पूर्वाधार विकास सिन्धुपाल्चोक, रु ८ लाख ।

**दोलखा जिल्ला**

खारे- सोतली-ना-छोरोल्पा पदयात्रा मार्ग निर्माण सुधार, रु ३० लाख, दोलखा पर्यटकीय पदयात्रा मार्ग निर्माण जिल्ला, जिरी-चेरढुङ्गा-पाथिभरा-याले-एलुङ्ग-च्छोरोल्पा, रु २० लाख, जफे- पशुपति सितापाईला पर्यटकीय पदमार्ग, दोलखा, रु ४० लाख ।

**रामेछाप जिल्ला**

हीरादेवी, सुनपाटी, अल्केश्वर, शैलुङ्ग पदमार्ग, रु ४० लाख, रामेछाप जिल्ला पकरवास २ मा अवस्थित नर्वदेश्वर महादेव त्रिवेणी मन्दिरमा कम्पाउण्ड वाल निर्माण र विश्राम गृह निर्माण, रु १० लाख ।